आधा अक्षर 'ल'

# अल्छी टुल्के



राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम


नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

# अल्छी टुल्के

लेखक : कृष्णदीप सिग्देल

चित्र : समित श्रेष्ठ

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

संस्करण : २०७४

रुम टु रिडले विकसित गरेको यो सामग्री अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (USAID) को सहयोगमा प्रकाशन भएको हो । यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिबिम्बित गर्दैनन्। यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ ।

टुल्के अल्छी छ ।

तर टुल्के सबैसँग मिल्छ ।



टुल्के घर आउँदै छ। टुल्केका बाटामा चल्लो छ।



चल्लो रुँदै छ। चल्लो खोलसापारि जान भन्छ।



खोल्सापारि हल्ला छ ।



टुल्केले बल्ल थाहा पाउँछ।
खोल्सापारि चल्लाको घर छ।



चल्लालाई खोलसापारि लैजाने कसरी ?
टुल्के विचार गर्न थाल्छ ।



टुल्केले घरबाट बाल्टिन ल्याउँछ ।
बाल्टिनमा चल्लालाई हाल्छ ।



बाल्टिन उचाल्छ। चल्लालाई बोकेर खोल्सापारि लैजान्छ।



चल्ला देखेर हल्ला हराउँछ।



टुल्केले माउबाट मिस्रीको डल्लो पाउँछ ।



मिस्रीको डल्लो मुखमा हाल्छ ।

मिस्री निल्छ ।



टुल्के रमाउँछ। चल्लासँगै खेल्छ।



मुख्य शब्दहरू :

| | | | |
|---|---|---|---|
| अल्छी | मिल्छ | चल्लो | खोल्सा |
| हल्ला | बल्ल | बाल्टिन | उचाल्छ |
| डल्लो | हाल्छ | निल्छ | खेल्छ |

ल

# अल्छी टुल्के

अक्षर चिनेर सही र स्वतस्फूर्त रूपमा उच्चारण गर्न बालबालिकालाई सहयोग गर्ने यी विसङ्केतन पाठ (Decodable Readers) प्रकाशनमा ल्याउन पाउँदा हामी खुसी छौँ । बालबालिकालाई सहज रूपमा पढ्न सहयोग पुऱ्याउनु यसको उद्देश्य हो । कथासहितका यी किताबका शृङ्खला पढेर बालबालिकाले रमाइलो मान्ने छन् । उनीहरू अरूको सहयोगविना सही उच्चारण गर्न सक्षम पनि हुने छन् । समग्रमा यी अध्ययन सामग्री नेपाली वर्णमालाका वर्ण तथा मात्राहरूलाई क्रमिक रूपमा सहज ढङ्गले चिनाउन उपयोगी हुने छ र यसले बालबालिकाको पढ्ने सिपको विकासमा मदत पुऱ्याउने छ ।

## शिक्षकलाई निर्देशन :

१. सम्बन्धित आधा अक्षरको चिनारीपछि प्रत्येक बालबालिकालाई यो अध्ययन सामग्री पढ्न दिनुहोस् ।

२. बालबालिकाले पढिरहेको बेलामा शिक्षकले अवलोकन गर्नुहोस् । धेरै जसो बालबालिका कुनै शब्दमा अडिएका छन् वा उनीहरूलाई पढ्न गारो भएको छ भने ती शब्दलाई टिपेर राख्नुहोस् ।

३. गारो मानिएका शब्दका बनोट बालबालिकालाई राम्ररी बुझाएर ती शब्द पटक पटक उच्चारण गरिदिनुहोस् । बालबालिकालाई पनि ती शब्दको उच्चारण अभ्यास गराउनुहोस् ।